२६ असार २०७९

# अन्तरपार्टी निर्देशन–४

**प्रिय कमरेडहरु,**

पार्टी केन्द्रीय सचिवालयको नवौं बैठक गत २०७९ जेठ ३० गते र दसौं बैठक यही असार १९ गते सम्पन्न भएका छन् । स्थानीय तह निर्वाचन- २०७९ को समीक्षा र आगामी योजनामा केन्द्रित ती बैठकहरूबाट निर्वाचनका उपलब्धी र कमीहरूको गम्भीर विवेचना गर्नुका साथै विभिन्न साङ्गठनिक र राजनीतिक निर्णय पनि गरिएको छ । यी बैठकहरूबाट गरिएका निर्णयहरूका अतिरिक्त २०७९ वैशाख ५ र ८ तथा १० गते सम्पन्न केन्द्रीय सचिवालयका सातौं र आठौं बैठकका केही साङ्गठनिक निर्णयहरू समेत जानकारी र कार्यान्वयनका लागि यस अपानिमार्फत् कमरेडहरूसमक्ष सम्प्रेषित गरिएको छ ।

## १. स्थानीय तह निर्वाचन- २०७९ को सामान्य समीक्षा

२०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचन सम्पन्न भई ७५२ वटा पालिकाको नतिजा सार्वजनिक भइसकेको छ । (बाजुराको बुढीगङ्गा नगरपालिकामा भने सत्तापक्षीय गठबन्धनको स्वार्थपूर्तिका लागि निर्वाचन बदर गरी यही असार २३ गते पुनः मतदान हुने गरी मिति तोकिएको छ ।) निर्वाचनको परिणामप्रति हाम्रो पार्टीपङ्क्ति र आम राजनीतिक बृत्तमा समेत आ-आफ्नै बुझाई, विश्लेषण र व्याख्या देखापरेका छन् । निर्वाचनको समग्र प्रक्रिया र परिणामको गभीर समीक्षा गर्नु, आवश्यक निष्कर्ष निकाल्नु, त्यसका सन्देश र शिक्षाहरूलाई पार्टीपङ्क्तिमा दृढतापूर्वक स्थापित गर्नु र आगामी निर्वाचनको तयारीमा एकाग्र भएर लाग्नु आवश्यक छ । त्यसैले यो सामान्य समीक्षा प्रस्तुत गरिएको छ ।

### क) निर्वाचन नगराउने षड्यन्त्र र पार्टीको हस्तक्षेपकारी भूमिका

संविधान र प्रचलित ऐनको भावनाअनुरूप स्थानीय तहको निर्वाचन २०७८ फागुनभित्रै गरिसक्नु पर्ने थियो । तर स्थानीय तहलाई रिक्त राखेर आधारभूत लोकतन्त्रलाई कमजोर बनाउने, जनताको सेवाप्रवाहलाई अवरूद्ध गर्ने र रिक्तताभित्र साधनस्रोतहरूको दोहन गर्ने दूषित मनशायका साथ गठबन्धन सरकारले समयमै स्थानीय निर्वाचनको मिति घोषणा गरेन । सत्ता गठबन्धनका नेताहरू संविधानको अपव्याख्या गर्दै स्थानीय तहको निर्वाचनलाई एक वर्ष पर धकेल्ने कुचेष्टामा समेत सङ्लग्न भए । संविधान र लोकतन्त्रको मर्ममाथि प्रहार

गर्ने सत्ता गठबन्धनको यस षड्यन्त्रका विरूद्ध हाम्रो पार्टी दृढतापूर्वक प्रतिवादमा उत्रियो । हाम्रो पार्टीको निरन्तरको दबाब, निर्वाचन आयोगको ताकेता र कतिपय सञ्चारमाध्यम, संविधानविद् र लोकतन्त्रका पक्षधरहरूको खबरदारीका कारण गठबन्धन सरकार अन्ततः २०७९ वैशाख ३० गते निर्वाचन हुने गरी मिति तोक्न बाध्य भयो ।

**ख) निर्वाचनको तयारी**

निर्वाचनको तयारीका लागि पार्टीले देहायका निर्णयहरू गऱ्यो र निम्नानुसारका क्रियाकलाप सञ्चालन गऱ्यो-

— सातवटै प्रदेशमा स्थानीय निर्वाचनको तयारीकेन्द्रित प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिए, जसमा २८ सयभन्दा बढी अगुवा कार्यकर्ताको सहभागिता रह्यो ।

— केन्द्रीय कमिटीको बैठकबाट स्थानीय तह निर्वाचनको उमेद्वार चयनका लागि मापदण्ड र प्रक्रिया निर्धारण गरियो ।

— पार्टीका बरिष्ठ उपाध्यक्षको संयोजकत्वमा घोषणापत्र मस्यौदा समिति गठन गरियो, जसले व्यापक परामर्शपश्चात् स्थानीय तह निर्वाचन घोषणापत्र, २०७९ तयार गऱ्यो । 'सुशासन, समृद्धि र समाजवादका आधार, पालिका-पालिकामा एमालेको सरकार' मूल थिम रहेको घोषणापत्र पार्टी स्थापना दिवस (२०७९ वैशाख १०) का दिन सार्वजनिक गरियो ।

— मस्यौदा समितिले नेपाल बुद्धिजीवी परिषद्को सहयोगमा स्थानीय प्रतिबद्धता-पत्र तयार गर्न आवश्यक ढाँचा तयार गरी प्रत्येक पालिकामा सम्प्रेषित गऱ्यो र प्रतिबद्धता तयार गर्न विज्ञहरू परिचालन गऱ्यो ।

— केन्द्रीय कमिटीले निर्धारण गरेको मापदण्ड र प्रक्रियाबमोजिम वडा र पालिका कमिटीको सिफारिसमा जिल्ला कमिटीहरूले वडाअध्यक्ष र सदस्यका उमेद्वार चयन गरे । पालिका र जिल्ला कमिटीको सिफारिसमा प्रदेश कमिटीबाट पालिका प्रमुख र उपप्रमुखको चयन गरियो । पालिका, जिल्ला र प्रदेश कमिटीको सिफारिसमा पार्टी केन्द्रीय सचिवालयले महानगर र उपमहानगरका प्रमुख र उपप्रमुखहरूको चयन गरियो ।

— 'म जिताउँछु मेरो वडा, हामी जिताउँछौं हाम्रो पालिका' भन्ने नाराका साथ निर्वाचनमा पार्टीको शक्ति विन्यास गर्ने नीति अवलम्बन गरियो । शक्ति विन्यासको मूल रणनीति सम्बन्धित वडा र पालिकासँग सम्बन्धित नेतृत्व र पार्टीपङ्क्ति सम्बन्धित स्थानमै केन्द्रित हुन सकोस् भन्ने थियो । पार्टी अध्यक्षले राष्ट्रव्यापी निर्वाचन अभियानको नेतृत्व गर्नुभयो । पार्टीका विभिन्न नेता कमरेडहरूले विभिन्न जिल्ला/पालिकामा आयोजित निर्वाचन अभियानमा पुगेर ऊर्जा थप्ने काम गर्नुभयो ।

—निर्वाचनमा ध्यान दिनुपर्ने कानुनी, प्रशासनिक र अन्य विषयलाई लिएर पार्टीको केन्द्रीय निर्वाचन विभागको संयोजनमा केन्द्रीय कार्यालयबाट पटक-पटक परिपत्र जारी गरिए ।

—निर्वाचनसँग सम्बन्धित विभिन्न विषयमा निर्वाचन आयोगसँग पार्टीका तर्फबाट विभिन्न पटक बैठक, परामर्श, ध्यानाकर्षण, पत्राचार र संवाद भयो । कतिपय गलत विषयको प्रतिवाद गरियो ।

—शान्ति सुरक्षाका प्रश्नमा स्थानीय प्रशासनसँग पूर्व परामर्श, सम्भाव्य चुनौती र धाँधली नियन्त्रणका लागि ध्यानाकर्षण र खबरदारी गर्ने काम भयो ।

### ग) स्थितिको पूर्वविश्लेषण, परिणामको पूर्वानुमान र आवश्यक रणनीति तर्जुमा

पार्टीले आफ्नै सामर्थ्य, नेतृत्व र एजेण्डामा निर्वाचन लड्ने रणनीति तर्जुमा गरेको थियो । राष्ट्रियस्तरमा कसैसँग तालमेल नगर्ने नीति अख्तियार गरिए पनि स्थानीय तहमा भने पार्टीप्रति सकारात्मक पक्षहरूसँग आवश्यकता अनुसार तालमेल गर्नसक्ने गरी विकल्प खुल्ला राखिएको थियो । यसैअनुसार सीमित पालिकाहरूमा विभिन्न पक्षसँग तालमेल गरिएको थियो ।

निर्वाचनका बारेमा आवश्यक निर्णय गर्न आयोजित केन्द्रीय कमिटीको तेस्रो बैठक (२०७८ चैत ९-१०) मा हामीले तीनवटा सम्भाव्य स्थितिको पूर्वविश्लेषण र परिणामको पूर्वानुमान गरेका थियौं । हाम्रो पार्टीविरूद्ध सम्पूर्ण शक्ति एकताबद्ध भएर आउनसक्ने स्थिति, पार्टीहरूका बीचमा एक्लाएक्लै प्रतिस्पर्धा हुने स्थिति र नेकपा (एमाले)ले स्थानीय तहमा नेकपा (एमाले)ले तालमेल गरेको स्थितिमा परिणाम भिन्नभिन्न हुनसक्ने आँकलनका साथ राजनीतिक शक्ति सन्तुलनको स्थितिका आधारमा पार्टीले न्यूनतम ३५ प्रतिशतदेखि ५० प्रतिशतभन्दा बढी स्थानमा विजय हासिल गर्नसक्ने पूर्वानुमान गरिएको थियो ।

### घ) पार्टी प्रवेशको लहर र राष्ट्रव्यापी चुनावी अभियान

निर्वाचनको पूर्वदेखि नै पार्टी प्रवेशको राष्ट्रव्यापी अभियान चल्यो । मधेस प्रदेश, लुम्बिनी र कर्णाली प्रदेशमा निकै व्यापक रहेको पार्टी प्रवेश अभियान अन्य प्रदेशहरूमा पनि प्रभावकारी थियो । विभिन्न पार्टीका केन्द्रीयस्तरका नेताहरू, सांसद र पूर्व सांसदहरू, महानगर, नगर र गाउँपालिकाका प्रमुख, उपप्रमुखसहित विभिन्न जनप्रतिनिधिहरू, कलाकार, व्यवसायी र समाजका प्रतिष्ठित व्यक्तिहरूसहितको पार्टी प्रवेशको यस लहरले पार्टीलाई मधेस प्रदेशलगायत विभिन्न स्थानमा विजयी बनाउन महत्वपूर्ण योगदान गर्‍यो ।

पार्टीले चुनावी सभा र र्‍यालीहरू, चुनावी गीत र सांस्कृतिक कार्यक्रम, सामाजिक सञ्जालसहित मिडिया परिचालन, मतदातासँग भेटघाट र घरदैलो, घोषणापत्र,

स्थानीय प्रतिबद्धता-पत्र र अन्य प्रचार सामग्रीहरूका माध्यमबाट प्रचार अभियान सञ्चालन गऱ्यो । केन्द्रमा निर्वाचनका कानुनी, प्रशासनिक र प्राविधिक पक्षको संयोजन केन्द्रीय निर्वाचन विभागबाट र प्रचारको संयोजन प्रचार विभागबाट गरियो ।

## ङ) निर्वाचन परिणाम

७ सय ५२ स्थानीय तहको अन्तिम नतिजासँगै नेपाली काङ्ग्रेसले ३ सय २९ पालिकाका प्रमुख/अध्यक्ष जितेको छ । नेकपा (एमाले) ले २ सय ५, नेकपा माओवादी केन्द्रले १ सय २१, जनता समाजवादी पार्टी (जसपा)ले ३०, नेकपा एकीकृत समाजवादी (एस) ले २०, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले १६ र अन्य पार्टी तथा स्वतन्त्र उमेद्वारले ३१ पलिकामा प्रमुख/अध्यक्ष जितेका छन् । सिट सङ्ख्याको आधारमा २०७४ को निर्वाचनमा नेकपा (एमाले) ले प्रमुख/अध्यक्ष पदको ३९ प्रतिशत सिट जितेको थियो भने नेपाली काङ्ग्रेसले ३५ प्रतिशत जितेको थियो । २०७९ को निर्वाचनमा भने काङ्ग्रेसले ४३.७ प्रतिशत सिट र एमालेले २७.३ प्रतिशत सिट जितेको छ ।

उपप्रमुख/उपाध्यक्षमा नेपाली काङ्ग्रेसका ३००, नेकपा (एमाले) का २४० र माओवादी केन्द्रका १२८ जना प्रतिनिधि विजयी भएका छन् ।

कुल ६ हजार ७४३ वडा अध्यक्षमध्ये निर्वाचित भएका ६ हजार ७३३ वडा अध्यक्ष पदमा नेपाली काङ्ग्रेसका २ हजार ६६५, नेकपा (एमाले) का २ हजार १३० र माओवादी केन्द्रका १ हजार ५३ वडा अध्यक्ष निर्वाचित भएका छन् ।

कुल ३५ हजार ४५ निर्वाचित जनप्रतिनिधिमध्ये नेपाली कांग्रेसले कुल १३ हजार ७५८, नेकपा एमालेले ११ हजार ८९३ र माओवादी केन्द्रले ५ हजार ४५ पदमा जित हासिल गरेका छन् ।

देशभर कूल निर्वाचित जनप्रतिनिधि सङ्ख्याको काङ्ग्रेसले ४० प्रतिशत, एमालेले ३४ प्रतिशत र माकेले १४ प्रतिशत पदमा जित हासिल गरेका छन् । जसपा ४, एस ३, लोसपा २, राप्रपा १ र स्वतन्त्रसहित अन्यको निर्वाचित जनप्रतिनिधिहरूको २ प्रतिशत छ ।

यो निर्वाचनमा प्रतिस्पर्धा गर्ने पार्टीमध्ये २४ वटा पार्टीका उमेद्वारले कुनै न कुनै पदमा जितेका छन् ।

पार्टीहरूले प्राप्त गरेको लोकप्रिय मतको विश्लेषणबाट निस्कने निष्कर्ष भने विजयी जनप्रतिनिधिको (सिट) सङ्ख्या भन्दा पृथक खालको छ । अघिल्लो निर्वाचनमा पहिलो स्थानमा रहेको नेकपा (एमाले) पालिकाका प्रमुख/अध्यक्षले प्राप्त गरेको

समग्र मतको विश्लेषण गर्दा यस निर्वाचनमा पनि पहिलो स्थानमा कायमै छ । एमालेले अघिल्लो निर्वाचनमा सदर कूल मतको एक तिहाई मत (३३%) हासिल गरेको थियो भने यस निर्वाचनमा लोकप्रिय मतमा एक प्रतिशत (३४%) वृद्धि गरेको छ । मत सङ्ख्याका हिसाबले  अघिल्लो निर्वाचनको तुलनामा ६ लाख ८१ हजार २५४ र प्रतिशतमा २१.८ प्रतिशतले जनमत बृद्धि भएको छ ।

दुवै निर्वाचनमा नेपाली काङ्ग्रेस दोस्रो स्थानमा रहिआएको छ । २०७४ को निर्वाचनमा ३२.९ प्रतिशत मत पाएको काङ्ग्रेसले यस निर्वाचनमा ३३.३ प्रतिशत मत पाएको छ । यो मत अघिल्लो निर्वाचनमा पाएको मतभन्दा ६ लाख १९ हजार १०५ अर्थात् १९.९ प्रतिशतले बढी हो ।

नेकपा माओवादी-केन्द्र दुवै निर्वाचनमा तेस्रो स्थानमा छ । तर उसको मत एमाले र काङ्ग्रेसभन्दा निकै कम छ । अघिल्लो निर्वाचनमा पाएको १७ प्रतिशत लोकप्रिय मत खस्किएर यस निर्वाचनमा करिब १२% मा सीमित भएको छ । माओवादी केन्द्रको लोकप्रिय मत अघिल्लो पटक पाएको मतभन्दा (२ लाख ६९ हजार ८५३) झन्डै १७% ले घटेको छ ।

नेकपा (एमाले)बाट चोइटिएर बनेको नयाँ दल नेकपा (एस) ले ४% मात्र मत पाएको छ । जनता समाजवादी (जसपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले भने अघिल्लो निर्वाचनको तुलनामा प्रगति गरेको देखिए पनि अन्य साना दल भने खुम्चिँदै गएका देखिन्छन् ।

**च) परिणाम विश्लेषण**

स्थानीय निर्वाचन सम्पन्न भएसँगै संविधानको अपव्याख्या गर्दै स्थानीय तहलाई रिक्त राख्ने, संविधान र लोकतन्त्रलाई जगैदेखि कमजोर बनाउने र साधनस्रोतको दोहन गरेर सत्ता गठबन्धनलाई लाभ पुऱ्याउने षड्यन्त्र परास्त भएको छ । निर्वाचित जनप्रतिनिधिहरूले पद बहाल गरेर काम सुरू गरेसँगै स्थानीय तहबाटै राज्यको सेवासुविधा प्राप्त गर्ने जनताको अधिकार पुनर्स्थापित भएको छ र आधारभूत लोकतन्त्र बलियो भएको छ । निर्वाचन सम्पन्न गराउन नेकपा (एमाले) ले खेलेको हस्तक्षेपकारी र दबाबमूलक भूमिकाले सकारात्मक परिणाम दिएको छ ।

हाम्रो पार्टी विरूद्धको चौतर्फी घेराबन्दी, सत्तापक्षीय पाँच दलको गठबन्धनमात्रै होइन, कतिपय ठाउँमा खडा गरिएको कथित महागठबन्धन अर्थात् हाम्राविरूद्ध भएभरका सबै दलहरू एक ठाउँमा उभिएको परिस्थिति, राज्यसत्ताको चरम दुरूपयोग, अदृश्य स्रोतबाट बगाइएको रकमको खोलो र पार्टीविरूद्ध चलाइएको गलत र भ्रामक सूचना (मिस इन्फर्मेशन र डिसइन्फर्मेशनको) को बाढीका बीचमा पनि नेकपा (एमाले) मुलुकको सर्वाधिक लोकप्रिय र जनाधारयुक्त पार्टीका रूपमा स्थापित हुनु हाम्रो महत्वपूर्ण सफलता हो ।

निर्वाचनमा काङ्ग्रेसले आफू बलियो भएको पालिका (१३५) मा एक्लै लड्ने, एमालेसँग आफू प्रतिस्पर्धी रहेको पालिका (३०७) मा आफूलाई सहज हुने एक या एकभन्दा बढी दलसँग आंशिक गठबन्धन बनाउने र नेकपा (एमाले) बलियो भएका ३११ पालिकामा एमालेबाहेकका सबै दलको पूर्ण या 'महागठबन्धन' गऱ्यो । यस नीतिबाट उसले अधिकतम लाभ लिएको पनि देखियो । कुल विजयी सिटमध्ये २० प्रतिशतमात्रै एक्लै प्रतिस्पर्धाबाट जीत हासिल गरेको काङ्ग्रेसले गठबन्धनबाट अधिकतम लाभ लिन सफल भयो । गठबन्धनका अरू दलहरूलाई कुनै पनि हालतमा एमालेसँग तालमेल हुन नदिने नीति लिएको काङ्ग्रेसले कतिपय ठाउँमा एमालेसँग पनि तालमेल गर्न अग्रसर भयो । सारमा, काङ्ग्रेस जसरी पनि आफूले जित्ने कुरामा केन्द्रित भयो ।

४१ प्रतिशतभन्दा बढी स्थानमा भएको महागठबन्धनका विरूद्धको प्रतिस्पर्धामा हाम्रो पार्टी एक्लैले ४१ प्रतिशत मत हासिल गरेको छ । ४० प्रतिशतभन्दा बढी स्थानमा भएको आंशिक गठबन्धन विरूद्धको प्रतिस्पर्धामा हाम्रो पार्टीलाई ३१ प्रतिशतभन्दा बढी लोकप्रिय मत प्राप्त भएको छ । तुलनात्मक रूपमा हाम्रो जनाधार कम रहेको १८ प्रतिशत स्थानीय तहमा समेत हाम्रो जनमत २४ प्रतिशतभन्दा माथि छ । मधेस प्रदेशमा दुईभन्दा बढी दलका बीचमा मत विभाजन भएको कारणले पनि हाम्रो मत त्यहाँ केही कम देखिएको हो ।

तर माओवादी केन्द्र र माधव नेपाल समूह भने एमालेलाई हराउने मुख्य उद्देश्यमा केन्द्रित भए । माओवादी केन्द्रको यस निर्वाचनमा अघिल्लोको तुलनामा प्रमुख/अध्यक्ष पदको सिट सङ्ख्यामा केही (१५) बृद्धि गरे पनि लोकप्रिय मतमा भने ५ प्रतिशतभन्दा बढी घटेको छ । झण्डै २० प्रतिशत सांसद र करिब १० प्रतिशत स्थानीय जनप्रतिनिधि लिएर चोइटिएको माधव नेपाल समूह यस निर्वाचनमा ४ प्रतिशतको हाराहारीको लोकप्रिय मत र कूल निर्वाचित जनप्रतिनिधिको सङ्ख्या ९८७ मा सीमित हुन पुगेको छ । तर यस असफलताका बाबजुद निर्वाचनमा आफू सफल भएको दाबी गर्ने यी दुवै समूह बस्तुतः नेपाली कम्युनिष्ट आन्दोलनलाई कमजोर र समाप्त पार्ने दक्षिणपन्थी शक्तिहरूको औजारमा स्खलित हुन पुगेको स्पष्ट भएको छ । निर्वाचनमा केही सिट प्राप्तिका लागि यी दुवै समूहका उमेद्वारहरू नेपाली काङ्ग्रेसको चुनाव चिन्हमा समेत लड्न तयार हुनुले उनीहरूको राजनीतिक विचलनलाई स्पष्ट पारेको छ । त्यसमाथि यतिबेला कम्युनिस्ट आन्दोलनको प्रमुख उद्देश्य समाजवादको आधार निर्माण गर्नु रहेको बेला त्यसका विरूद्धको प्रमुख शक्ति नेपाली काङ्ग्रेससँग घाँटी जोडिन पुग्नु आन्दोलनप्रतिको गद्दारी हो भन्ने कुरा पनि यस निर्वाचनबाट प्रमाणित भएको छ ।

विगत निर्वाचनमा मधेस प्रदेशमा सबैभन्दा ठूलो दलका रूपमा देखापरेका जसपा र लोसपा दुवैका प्रभाव खस्किएको छ । मधेस प्रदेशमा यी दुवै दललाई पछाडि पारेर नेकपा (एमाले) दोस्रो ठूलो दलको रूपमा उदय हुनु तराई-मधेसमा

बदलिएको शक्ति सन्तुलनको द्योतक र क्षेत्रीयतवादी सङ्कीर्ण राजनीति कमजोर बन्दै गरेको सङ्केत पनि हो ।

निर्वाचनमा काठमाडौं महानगरपालिका र धरान तथा धनगढी उपमहानगरमा स्वतन्त्र उमेद्वारहरूले नगर प्रमुखमा विजय हासिल गरेका छन् । स्वतन्त्र उमेद्वारहरूको यस विजयका पछाडी चलायमान सहरी जनमत, मुख्य पार्टीहरूका कतिपय कमजोरी र नयाँ प्रयोगमा रमाउने युवाहरूको मनोविज्ञानलगायत विषयहरू देखिन्छन् । कतिपयले यसलाई लोकतन्त्रकै असफलताको रूपमा अपव्याख्या गर्न खोजेका छन् र कतिपयले मुख्य राजनीतिक पार्टीहरूलाई कमजोर गर्ने अस्त्रको रूपमा प्रयोग गर्न पनि प्रयास गरिरहेका छन् । हामीले मतदाताको छनोटको स्वतन्त्रतालाई सम्मान गर्नुपर्छ, विजयी जनप्रतिनिधिहरूको कामलाई नजिकबाट नियाल्नुपर्छ र यसबाट कतिपय पाठ सिक्नु पनि पर्छ । तर स्वतन्त्रलाई दलीय प्रणालीको विकल्पका रूपमा प्रस्तुत गर्ने कुरालाई भने खण्डन र आलोचना गर्नुपर्छ ।

**छ) निर्वाचन आयोग, प्रशासन, सुरक्षा संयन्त्र र सञ्चारमाध्यम**

निर्वाचन आयोगका कतिपय निर्णयहरू सत्ता गठबन्धनलाई अनुकूल हुन पुगे । मतपत्रको रङ्ग, गठबन्धनले उमेद्वारी दिंदा महिला प्रतिनिधित्व सुनिश्चित गर्ने विषय, आचारसंहिताको पालना गराउने विषय, निर्वाचन अधिकृतहरूको खटन-पटन, विभिन्न ठाउँमा पुनः मतदान/निर्वाचनको निर्णयजस्ता कतिपय विषयमा निर्वाचन आयोगमाथि सत्ता गठबन्धनका दबाब र प्रभाव देखियो । हामीले बारम्बार गराएका कतिपय ध्यानाकर्षणको उपेक्षा भयो, कार्यान्वयन भएन ।

प्रशासन र सुरक्षा संयन्त्रको भूमिका निष्पक्ष रहन सकेन । सुरूदेखि नै सरकारले आफूअनुकूल प्रहरी र कर्मचारीको खटन-पटन गऱ्यो । यसपालि सुरक्षा निकायको बैध कमाण्डलाई समेत बाइपास गरी गृहप्रशासनले समानान्तर रूपमा सुरक्षा संयन्त्र परिचालन गर्ने गलत प्रक्रिया अवलम्बन गऱ्यो । यसरी कतिपय प्रशासक र प्रहरी अधिकृतहरू सत्ता गठबन्धनको पक्षमा खुलेआम उत्रिए । कतिपय ठाउँमा एमालेलगायत विपक्षी उमेद्वारमाथि साङ्घातिक आक्रमण भयो, घरमा बम आक्रमण भयो, उमेद्वारलाई घेराउ र प्रचारमा जान अवरोध गरियो र ठाउँ-ठाउँमा विपक्षी कार्यकर्ताको हत्यासमेत भयो । सत्तापक्षीय नेता र उमेद्वारहरूले निर्वाचन आचारसंहिताको धज्जी उडाउँदै सरकारी सवारी साधनको चरम दुरूपयोग गरे । मौन अवधिमा मतदातालाई प्रभावित पार्न र मत खरिद गर्न पैसाको खोलो बगाए । मतगणनास्थलमै समेत सत्तापक्षले गैरकानुनी हर्कतहरू गऱ्यो । तर यी सबै सत्ताको दुरूपयोग, आचारसंहिताको उल्लङ्घन, हिंसा र गैरकानुनी काममा नियन्त्रण गर्नुको साटो प्रहरी प्रशासन कैयौं ठाउँमा सहयोगी र धेरै ठाउँमा मूकदर्शक बन्यो ।

कतिपय सञ्चारमाध्यमहरूले समेत निष्पक्ष र व्यवसायिक भूमिका खेल्न सकेनन् । गठबन्धनको पक्षमा मनोवैज्ञानिक दबाब सिर्जना गर्न उनीहरू सहयोगी बने ।

**ज) अपेक्षित परिणाम प्राप्त हुन नसक्नुका मुख्य कारणहरु**

लोकप्रिय मतमा सर्वाधिक ठूलो र लोकप्रिय पार्टीका रूपमा स्थापित हुनु तर सिट सङ्ख्याका हिसाबले दोस्रो स्थानमा सीमित हुन पुग्नु भने हाम्रा लागि गम्भीर र सोचनीय विषय हो । यसको एउटै निष्कर्ष हो- जनताको मनमा हाम्रो पार्टीप्रति विश्वास, भरोसा र समर्थन यथावत् छ (अझ बढिरहेको छ), तर त्यसलाई सही ढङ्गले सम्मान गर्ने, कुशल व्यवस्थापन गर्ने र त्यसलाई निर्वाचन परिणाममा ढाल्ने हाम्रो क्षमतामा भने गम्भीर समस्या देखापरेका छन् । यसका विभिन्न कारणहरू छन् ।

—विभिन्न कारणले हामीले कमिटी प्रणाली र सङ्गठनात्मक जीवनमा समस्याहरू झेल्दै आयौं । लामो समय अभियानमै केन्द्रित हुनुपरेको अवस्था (नवौं महाधिवेशनदेखि नै संविधान निर्माण, भूकम्पपीडितहरूको सेवामा स्वयंसेवक परिचालन, नाकाबन्दीको विरोध, मेची-महाकाली राष्ट्रिय अभियानलगायत) रह्यो । त्यसपछि स्थानीय तथा प्रतिनिधिसभा र प्रदेशसभाका निर्वाचनमा शृङ्खलाबद्ध रूपमा केन्द्रित हुनुपर्‍यो । पार्टी एकीकरणको तयारी, एकीकरण, त्यसलगत्तै केन्द्रीय कमिटीबाहेक सबै कमिटी भङ्ग गरिएपछि उत्पन्न कमिटीबिहीन अवस्था, कमिटी एकीकरणमा उत्पन्न जटिलता, त्यसपछि उत्पन्न पार्टीभित्रको आन्तरिक किचलो र पार्टी विभाजनको अवस्था आदिका कारण हामी लामो समयसम्म सङ्गठन सुदृढीकरण गर्ने काममा केन्द्रित हुन पाएनौं । यी चुनौतीलाई पार गर्दै गत वर्ष असोजदेखि मात्रै आधारभूत तहबाट शृङ्खलाबद्ध कमिटी निर्माण प्रक्रिया सुरू हुन सक्यो । समयाभाव र कमिटी निर्माणमा कतिपय असावधानीले गर्दा हाम्रा आधारभूत कमिटीहरू जुनस्तरमा जनतासँग जोडिन सक्नुपर्थ्यो, स्थितिको विश्लेषण र त्यसलाई पार्टीको पक्षमा रूपान्तरित गर्न जति सक्षम हुनुपर्थ्यो, कतिपय ठाउँमा त्यस्तो हुन सकेन । केही ठाउँमा त पार्टीले पाएको मत पार्टी सदस्यहरूभन्दा पनि कम रह्यो, एकाध ठाउँमा कमिटी सङ्ख्या जति पनि लोकप्रिय मत हासिल हुन नसकेको जस्ता विडम्बना देखापर्‍यो । पार्टीको कमजोर सङ्गठनात्मक प्रणाली प्रतिकूल परिणामका लागि एउटा महत्वपूर्ण कारण बन्नपुग्यो ।

—उमेद्वार छनौटमा पनि कतिपय ठाउँमा त्रुटिहरू हुनपुगे । लोकप्रियभन्दा पनि निकटका व्यक्तिलाई उमेद्वार बनाउन जोड दिइँदा, पार्टीले तय गरेको प्रक्रिया र पद्धतिविपरीत खास व्यक्तिलाई उमेद्वार बनाउन या नबनाउनका लागि भएका सङ्गठित लबिङले पनि केही ठाउँको परिणाम प्रतिकूल हुनपुग्यो ।

—यसपटक निर्वाचनमा विगत कहिल्यैको भन्दा बढी असमझदारी, असहयोग र अन्तर्घातका घटनाहरू देखापरे । आफू या आफूले सिफारिस गरेको व्यक्तिले उमेद्वारी नपाएपछि समग्र निर्वाचन अभियानलाई नै कमजोर गर्ने गरी

असमझदारी बढाउन, उमेदवारलाई असहयोग गर्ने र अन्तर्घात गर्नेसम्मका घटनाहरू देखापरे । यसमा पार्टीका कतिपय जिम्मेवार कार्यकर्ता नै सङ्लग्न भएको समेत देखियो । कैयौं पालिका र वडामा त पालिका प्रमुख या वडाअध्यक्षलाई निशाना बनाएर मत खाली राखेर या विपक्षीलाई दिएर हराउने काम समेत भयो । पार्टीभित्र पैदा भएको यसप्रकृतिका हानीकारक र आत्मघाती प्रवृत्तिले गर्दा हामीले कतिपय पालिका र वडा गुमाएका छौं ।

— पटक-पटकका निर्वाचनमा सहभागी भएर पर्याप्त अनुभव हासिल गरेको भए पनि यस पटक हाम्रो निर्वाचन अभियानमा कमजोरी देखापरे । परिभाषित जिम्मेवारीसहित नेता-कार्यकर्ताहरूको समुचित विन्यास, प्रभावशाली र मतदाताको मन जित्ने खालको प्रचार शैली, प्रभावकारी मतदाता शिक्षा, मतदाताको घरदैलोमै पुगेर मन जित्ने प्रयास र धाँधलीका सूक्ष्म रूपको अध्ययन र त्यसको प्रतिवादजस्ता कतिपय विषयमा समेत हामी चुक्न पुग्यौं । मतदाता शिक्षामा गम्भीर हुने र जनताको घरदैलोमा पुग्नेभन्दा पनि बाहिरी र प्रचारात्मक चुनावी अभियानमा बढी केन्द्रित हुनाले बाञ्छित परिणाम ल्याउन सकेन ।

सारमा, गठबन्धनको सङ्ख्यात्मक पक्ष र यसले सिर्जना गरेको मनोविज्ञान, सत्ताको चरम दुरूपयोग र हाम्रा केही आन्तरिक कमजोरीका कारण हामीले अपेक्षित सिट जित्न सकेनौं । तर पनि प्रतिकूलताको बीचमा हामीले प्राप्त गरेको सफलता, उपलब्धी र सर्वोपरिरूपमा जनताको माया महत्वपूर्ण छ, जसको जगमा उभिएर हामीले आगामी निर्वाचनमा सफलता हासिल गर्नेछौं ।

## २. आम निर्वाचनको तयारी

स्थानीय निर्वाचनमा अपेक्षाअनुरूप परिणाम नआएकोले पार्टीपङ्क्ति अझै पनि निर्वाचनको धङधङी रहेको देखिन्छ । आरोप, प्रत्यारोप र आपसी आशङ्का अझै बाँकी छन् । यस स्थितिबाट पार्टीपङ्क्तिलाई मुक्त गर्दै आसन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको तयारीमा केन्द्रित गर्न जरूरी छ । यसका लागि देहायका काम गर्ने-

क) निर्वाचनको मूल सन्देश र शिक्षालाई स्थापित गर्ने, प्रतिरक्षात्मक मनोविज्ञानलाई अन्त्य गर्ने : यो स्थानीय निर्वाचनमा सत्ता गठबन्धनको घेराबन्दी, आक्रमण र राज्यशक्तिको चरम दुरूपयोगका बाबजुद सर्वाधिक लोकप्रिय मत (३४ प्रतिशत) सहित हाम्रो पार्टी पहिलो शक्तिका रूपमा स्थापित भएको छ । निर्वाचनको ट्रेण्ड हेर्दा इतिहासकै न्यून मत (२० प्रतिशतभन्दा बढी) प्राप्त गरेको २०६४ को निर्वाचन यता हाम्रो मत निरन्तर बढ्दै गएको छ । पार्टी विभाजनको प्रयास अस्वीकृत भएको छ । त्यसैले निर्वाचनमा पार्टी पराजित भएको होइन, गठबन्धनका योजना र षड्यन्त्रको

सामना गर्न एवं जनताको विश्वास जित्न सफल भएको हो भन्ने मुख्य सन्देशलाई पार्टीपङ्क्ति र जनतामाझ स्थापित गर्ने ।

ख) यही असार मसान्तभित्र सबै पालिकाको निर्वाचन समीक्षा सम्पन्न गरी त्यसको प्रतिवेदन केन्द्रमा पठाइसक्ने ।

ग) निर्वाचनको तयारी, परिचालन र मत रक्षामा कहाँ-कहाँ कमी रह्यो भन्ने निर्वाचन समीक्षाबाट निकालिएका निष्कर्षहरूको सूचि (चेक लिस्ट) बनाएर विगतको कमीलाई नदोहऱ्याउने सुनिश्चित गर्ने ।

घ) स्थानीय निर्वाचनको परिणामलाई आधार बनाएर प्रतिनिधिसभा निर्वाचन क्षेत्र र प्रदेशसभा निर्वाचन क्षेत्रको अलग-अलग विश्लेषणसहित शक्ति सन्तुलनको अद्यावधिक समीक्षा गर्ने ।

ङ) पार्टीको आन्तरिक एकतालाई सुदृढ गर्ने । यसका लागि स्थानीय निर्वाचनका क्रममा र त्यसभन्दा पहिले पनि रहेका असमझदारी रहेको भए खुलस्त छलफल, आलोचना-आत्मालोचना र अन्य विधिहरूमार्फत् समाधान गर्ने र पार्टी एकतालाई बलियो बनाउने ।

च) पार्टीभित्र उत्पन्न समस्यामध्ये कुन चाहिँ असमझदारी हो, कुन असहयोग हो र कुन चाहिँ अन्तर्घात हो भन्ने कुराको वस्तुनिष्ठ, निष्पक्ष र सन्तुलित पहिचान गर्ने । असमझदारीलाई छलफलद्वारा, असहयोगलाई आलोचनाद्वारा र अन्तरघातलाई कारबाहीका माध्यमबाट सम्बोधन गर्ने ।

छ) आपसी अन्तरविरोधका कारण कारबाहीको दायरा अनावश्यक रूपमा फराकिलो नहोस् भन्ने कुरामा विशेष सजगता अपनाउने । प्रमाणित र पुष्टि भएका अन्तर्घातका सीमित घटनामा विधि पुऱ्याएर बिना मोलाहिजा कारबाही गर्ने ।

च) मतबृद्धिका लागि देहायका कामहरू गर्ने :

—मतदाता नामावली अद्यावधिक गर्ने, छुटेका मतदाताको नाम समावेश गर्ने अभियान सञ्चालन गर्ने र दोहोरिएका नामहरू हटाउन निर्वाचन आयोगको ध्यानाकर्षण र पहल गर्ने ।

—आम जनसमुदायमा पार्टीका नीति र अजेण्डाको व्यापक प्रचार गर्ने ।

—एमाले सरकारले गरेका कामको सशक्त प्रचार गर्ने ।

छ) आफ्नो शक्ति र सामर्थ्यमाथिको आत्मविश्वास बढाउने, गठबन्धनको मनोवैज्ञानिक भयबाट मुक्त हुने । गठबन्धनवालाहरूले स्थानीय चुनावबाट

पारस्परिक लाभ भएको महसुस गरेसम्म गठबन्धन कायम रहन सक्छ । हाम्रो तयारी यस्तो अवस्थामा एक्लै लड्ने र जित्ने हिसाबको हुनुपर्छ । हामीसँग सही नीति र कार्यक्रम छन्, त्यसैले एक्लै लड्ने र पराजित गर्ने सामर्थ्य राख्छौं भन्ने आत्मविश्वास जगाउने ।

ज) हामीलाई बहुमतका लागि आवश्यक पर्ने करिब १६ प्रतिशत मत अपुग छ । त्यसलाई बृद्धि गर्न सकिन्छ र यसका लागि ठोस योजनाका साथ अगाडि बढ्ने । नयाँ पुस्तामा विशेष ध्यान दिने । पार्टीको जनाधार बलियो भएको ठाउँमा जनाधारलाई सुदृढ गर्ने । कमजोर जनाधार भएको ठाउँमा जनाधार विस्तारमा जोड दिने ।

झ) राजनीतिक नैतिकता र स्वस्थ लोकतान्त्रिक प्रतिस्पर्धाका सीमारेखाहरूलाई बिर्सिदिएर सत्ताका लागि मात्रै गोटी चाल्ने हो भने गठबन्धन भत्काउन गाह्रो छैन । तर तत्कालको स्वार्थपूर्तिका लागि टाउको गन्ती गर्नेतिर होइन, हाम्रो ध्यान आफ्नो गन्तव्यलाई केन्द्रबिन्दूमा राखेर त्यसका लागि भरपर्दो सहयात्रीलाई खोज्ने कुरामा केन्द्रित हुनुपर्छ । गठबन्धन रहिरहेसम्म हामी केही गर्न सक्दैनौं या नयाँ गठबन्धनबिना हामी अगाडि बढ्नै सक्दैनौं भन्ने मनोविज्ञानलाई बदल्न जरूरी छ । हाम्रो पङ्क्तिलाई आफ्नो शक्तिमाथि भरोसा दिलाउन जरूरी छ, आत्मविश्वास बढाउन जरूरी छ ।

ञ) राजनीतिक ध्रुवीकरणको प्रक्रियालाई तीब्रता दिंदै अन्य पार्टीबाट सक्दो प्रवेश गराउने नीति लिने । खासगरी निर्वाचन क्षेत्रको शक्ति सन्तुलनका आधारमा प्रतिस्पर्धाको अवस्था रहेको ठाउँमा जीत सुनिश्चित गर्न र हामी अगाडि रहेको ठाउँमा जीतलाई कायम गर्न पार्टी प्रवेशका ठोस र मूर्त योजनाहरू बनाई कार्यान्वयन गर्ने ।

ट) मुलुकमा पुँजीवादका पक्षधर र समाजवादका पक्षधर शक्तिहरूबीच ध्रुवीकरण आवश्यक छ । तर वर्तमान सत्ता गठबन्धनले अराजनीतिक ध्रुवीकरण गरेर मुलुकलाई सङ्कटमा पुऱ्याएको छ । यस गठबन्धनले लोकतान्त्रिक प्रणाली र संविधानको दायराभन्दा बाहिर, लोकतान्त्रिक पद्धति र प्रणालीको मर्मविपरीत अस्वस्थ प्रतिस्पर्धा गरिरहेको छ । राज्यका सबै अङ्गलाई हाम्राविरूद्ध प्रयोग गरिएको छ । संवैधानिक प्रतिपक्ष, जो राज्यकै एउटा अङ्ग हो र प्रतिक्षारत सरकारसमेत हो, त्यसका विरूद्ध घृणा फैलाइरहेको छ, निषेधको व्यवहार गरिरहेको छ र मुलुकलाई अस्थिरता र द्वन्द्वको बाटोमा अगाडि बढाउन खोजेको छ । यसको भण्डाफोर गर्ने ।

ठ) हाम्रो पार्टी वामपन्थी आन्दोलनको मात्रै होइन, राष्ट्रकै मुख्य शक्ति हो । यसलाई राष्ट्रको मुख्य शक्तिका रूपमा थप बलियो बनाउनुपर्छ र मुख्य

राष्ट्रिय शक्तिरूपमा सबै प्रगतिशील, लोकतान्त्रिक र देशभक्त शक्तिहरूको नेताका रूपमा अगाडि बढाइनुपर्छ ।

ड) मतदाताको सङ्ख्या बृद्धिका साथै मत रक्षामा पनि त्यत्तिकै ध्यान पुग्नु जरूरी छ । यसलाई निम्न काममा ध्यान दिनेः

—**मतदाता सजगता**ः आफ्नो मत बदर नहोस् र आफ्ना मानिस कोही पनि मतदानबाट बञ्चित नहोउन् भन्नेमा विशेष सजगता अपनाउनुपर्छ । यस काममा कार्यकर्ता विन्यासमा ध्यान दिने । हाम्रो पक्षमा मत सुनिश्चिताको लागि मतदाता शिक्षालाई व्यापक पार्ने र मतदाताका घरघरमा जाने । स्मरण गरौं, स्थानीय तहको निर्वाचनअघि पनि कमिटीमा प्रत्येक सदस्यहरूलाई घरधुरी बाँडी निर्वाचन अभियान सञ्चालन गर्न निर्देशन गरिएको थियो, त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेन ।

—**कार्यकर्ता परिचालन**ः युवा परिचालन र स्वयंसेवक टीम निर्माणमा रहनगएका कमीबाट पाठ सिक्दै युवा, विद्यार्थी, ट्रेड युनियन, महिला, खेलाडी, भूपू सैनिक तथा प्रहरी सङ्गठनका सदस्यहरूलाई यस मामिलामा अधिकाधिक परिचालन गर्ने । निर्वाचन बुथमा प्रशासनिक संयन्त्रमा रहेका हाम्रा हितैषीहरूलाई विश्वासमा लिई काम गर्ने ।

ढ) निर्वाचन आयोगसँग संयोजनः निर्वाचनका प्रत्येक प्रश्नमा निर्वाचन आयोगसँग केन्द्र तथा जिल्ला तहमा समेत नियमित सम्पर्क, समन्वय र आयोगको निष्पक्षताको लागि खबरदारी गरिरहने ।

ण) प्रशासनको निष्पक्ष परिचालन गर्न, हाम्रो पार्टीका विरूद्ध पूर्वाग्रही व्यवहार नियन्त्रण गर्न निरन्तर सङ्लग्न (इन्गेज) भइरहने ।

त) सुरक्षा निकायलाई व्यावसायिक हिसाबले काम सम्पादन गर्न प्रोत्साहित गर्ने । एमाले प्रतिपक्षीमात्र हैन हिजोको र भोलिको पनि सत्ताधारी पार्टीसमेत हो भन्ने उनीहरूलाई स्मरण गराइरहने । यस संयन्त्रलाई केन्द्रीय प्रशासनको आग्रही निर्देशनमा मात्र चल्ने स्थिति आउन नदिने ।

थ) स्थानीय निर्वाचनमा सत्तापक्षबाट प्रयोग भएका धाँधली, साधनस्रोतको दुरूपयोग र गलत हरकतका स्वरूपहरूको सूक्ष्म अध्ययन गर्ने, तिनको चेक लिष्ट बनाउने र त्यसलाई ध्यान दिएर, त्यस्ता गतिविधिहरू हुन नपाउने गरी निर्वाचनसम्बन्धी योजना बनाउने । यसका अतिरिक्त सिङ्गो निर्वाचन अवधिलाई लिएर गर्ने कामको समयबद्ध तालिका निर्माण गर्ने ।

## ३. कार्यदल गठन

निर्वाचनसम्बन्धी मुद्दामा आएका उजुरी र गम्भीर विवादमाथि छानविन गरी निर्णय लिन निम्नानुसारको कार्यदल गठन गरिएको छ-

——**संयोजक** : विष्णुप्रसाद पौडेल (उपाध्यक्ष, पार्टीको साङ्गठनिक कामको अनुगमनको संयोजन)

——**सदस्य** : विष्णु रिमाल, प्रमुख- निर्वाचन विभाग

——**सदस्य**: खगराज अधिकारी, प्रमुख- संगठन विभाग

## ४. प्रचार संयन्त्र परिचालन

आमरूपमा पार्टीको प्रचार संयन्त्र प्रभावकारी रहेको छैन । गएको निर्वाचनमा पनि हाम्रो प्रचार कार्य व्यवस्थित हुनसकेन । यसका लागि थप योजना बनाइनु आवश्यक छ । हालै पार्टीको केन्द्रीय प्रचार तथा प्रकाशन विभागले प्रचार योजना तयार गरेको छ । प्रचार विभागको प्रस्तावलाई समेत ध्यानमा राखी निम्न कार्य गर्ने:

——एमाले एपको व्यापक प्रयोग,

——मिडिया हाउसहरूसँगको समन्वय,

——प्रचार क्षेत्रका हाम्रो संगठन र कार्यकर्तालाई पूर्ण क्षमतामा परिचालन,

——समाजिक सञ्जालको प्रयोग,

——पार्टीको नीति, कार्यक्रम र गतिविधिको व्यापक प्रचार-प्रसार

——पार्टीविरोधी भ्रमपूर्ण समाचारको समयमै खण्डन र प्रतिवाद

——केन्द्रीय कार्यालयबाट आवश्यक सहजीकरण ।

## ५. वैचारिक प्रशिक्षण

निर्वाचनको परिणामपछि अनावश्यकरूपमा सीर्जित प्रतिरक्षात्मक मनोविज्ञानबाट कार्यकर्तापंक्तिलाई बाहिर ल्याई उनीहरूलाई आगामी चुनौतीका लागि सहज सामना गर्नसक्ने तुल्याउन तत्काल देशव्यापी प्रशिक्षण अभियान सञ्चालन गर्नु आवश्यक छ । पार्टी स्कुल विभागको संयोजनमा सञ्चालन हुने प्रशिक्षणको विषयवस्तु र विधि देहायबमोजिम गर्ने :

**प्रशिक्षणका विषयबस्तु-**

——स्थानीय निर्वाचनका सन्देश, शिक्षा र आगामी निर्वाचनको तयारी,

——वर्तमान राजनीतिक शक्ति सन्तुलन, पार्टीको सामर्थ्य विस्तार र राष्ट्रको मुख्य शक्तिका रूपमा नेकपा (एमाले) को भूमिका अभिबृद्धि,

——पार्टी र जनप्रतिनिधिहरूबीचको अन्तरसम्बन्ध, समन्वय र स्थानीय तहबाटै समाजवादका आधार निर्माण गर्न पार्टीले खेल्नुपर्ने भूमिका,

—पार्टीपङ्क्तिलाई अनुशासित, जनशैलीले युक्त र आर्थिक रूपमा स्वस्थ एवं व्यवस्थित बनाउने सम्बन्धमा (केन्द्रीय अनुशासन निरीक्षण आयोग र केन्द्रीय लेखा आयोगबाट प्रशिक्षित गर्ने गरी),

—महङ्गीलगायतका जनसरोकारका विषयमा आन्दोलन उठान र यसमा पार्टी कमिटी तथा जनसङ्गठनहरूको परिचालन,

—प्राकृतिक विपत्ति र विपद् व्यवस्थापनमा पार्टीको स्वयंसेवी संरचनालाई तयारी अवस्थामा राख्न निर्देशित गर्ने विषय,

—प्रचार कार्यलाई सशक्त बनाउने एवं पार्टी काममा सूचना प्रविधिको प्रभावकारी प्रयोगका सम्बन्धमा ।

**प्रशिक्षणको विधि–**

प्रशिक्षणलाई विकेन्द्रितरूपमा आयोजना गर्ने । पहिलो चरणमा प्रदेश र त्यसपछि जिल्ला तहमा विस्तार गर्ने । यसमा आवश्यकता अनुसार हाइब्रिड (भौतिक उपस्थिति र भर्चुअल) विधि पनि अपनाउन सकिनेछ ।

—केन्द्रीय तहमा जनसगठनहरूका केन्द्रीय तहलाई समेटेर राष्ट्रिय तहको प्रशिक्षक प्रशिक्षण गर्ने गरी स्थायी स्कुल सञ्चालन गर्ने ।

प्रदेशस्तरीय प्रशिक्षणको संयोजन उपाध्यक्ष कमरेडहरूले निम्नानुसार गर्ने–

—प्रदेश १ः बरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल

—मधेस प्रदेशः उपाध्यक्ष सुरेन्द्र पाण्डे

—बागमती प्रदेशः उपाध्यक्ष विष्णु पौडेल

—गण्डकी प्रदेशः उपाध्यक्ष अष्टलक्ष्मी शाक्य

—लुम्बिनी प्रदेशः उपाध्यक्ष सुवासचन्द्र नेम्बाङ

—कर्णाली प्रदेशः उपाध्यक्ष रामबहादुर थापा

—सुदूरपश्चिम प्रदेशः उपाध्यक्ष युवराज ज्ञवाली

उपाध्यक्ष कमरेडहरूले केन्द्रीय पार्टी स्कुल विभाग र प्रदेश कमिटीसँग समन्वय गरेर आफ्नो जिम्मेवारीमा रहेका प्रदेशमा प्रशिक्षण सम्पन्न गर्नुहुनेछ । तत्पश्चात् जिल्लास्तरको प्रशिक्षणको तयारी र आवश्यकताअनुसार सहभागी हुनुहुनेछ ।

## ६. सदस्यता विस्तार र नवीकरण

सङ्गठन विभागबाट पार्टी सदस्यहरूको अभिलेख दुरूस्त गर्ने काम जारी छ । नवीकरणको कामका लागि भदौ १५ सम्मको समय सीमा तोकिएको छ । यी कामलाई तत्काल सम्पन्न गर्न आवश्यक छ । यसका साथै सदस्यताको लागि

अनलाइन आवदेन गर्नेहरूको संख्या ५ हजार नाघिसकेको छ । तर त्यसमा कारबाही अघि बढेको छैन । त्यसैले सङ्गठन विभागको संयोजनमा प्रदेश-प्रदेशमा प्राविधिक टीम परिचालन गरी सदस्यतालाई डिजिटाइज गर्ने काम सम्पन्न गर्ने । नयाँ सदस्यता विस्तार र नवीकरणको कार्यलाई संगठन विभागको योजनाअनुसार अघि बढाउने ।

**७. वित्त तथा कोष व्यवस्थापन विभागको विशेष अनुरोध**

वित्त तथा कोष व्यवस्थापन विभागमार्फत् '**पाँच हजारबाट पाँच हजार** (**5,000 by 5 Thousand Campaign**) **अभियान**' प्रस्ताव गरिएको छ । यो अभियानले मूर्तता पाउँदा पार्टीको आन्तरिक कोष सुदृढ हुने र आत्मनिर्भतामा भरथेग समेत गर्छ । यो प्रस्ताव उद्यमी/व्यवसायी र उच्च आय भएका प्रोफेशनल पार्टी सदस्यद्वारा नियमित हरेक महिना रू. ५ हजारका दरले विशेष आर्थिक योगदान गर्ने प्रस्ताव हो । यसको लागि पार्टी एपमार्फत् सिधै अनलाइन भुक्तानी गर्ने व्यवस्था मिलाइएको छ । प्रचारकै तहमा रहेको यो अभियानलाई व्यवहारमा उतार्न समग्र पार्टीपंक्ति परिचालित हुन आवश्यक छ ।

**८. जनपरिचालनका सम्बन्धमा**

सरकारले बढाएको अचाक्ली महङ्गी र भ्रष्टाचार, रासायनिक मलको हाहाकार, शैक्षिक सत्र सुरू भएको लामो समय बित्दासमेत विद्यार्थीका हातमा पाठ्यपुस्तक पुऱ्याउन नसकेको स्थिति, श्रम क्षेत्रमा सुरू गरिएको योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई स्वेच्छिक बनाउने नियतसहित अराजकता सिर्जना गर्ने र स्वास्थ्य बीमालाई असफल बनाउने सरकारको षड्यन्त्रलगायत जनसरोकारका विषयमा सबै स्थानीय पार्टी कमिटीहरू र जनसङ्गठनहरूले विरोध कार्यक्रम सञ्चालन गर्ने, जनदवाव सृष्टि गर्ने ।

**९. विभागहरुको कामको व्यवस्थापन, गठन तथा सदस्यहरु थप–**

विभागहरू गठन गर्दा जुन तदारूकताका साथ नामहरू सिफारिस हुने तर विभाग गठन भएपछि काममा भने अपेक्षाकृत गति देखिएको छैन । तसर्थ तत्काल देहायका विषयमा विभागहरू केन्द्रित हुने-

—आफ्नो विभागको कार्यक्षेत्रभित्र पर्ने विषयमा पार्टीको दृष्टिकोण अद्यावधिक गर्न नीतिगत आधार-पत्र (पोलिसी ब्रिफिङ्ग पेपर) तयार गर्ने । यो काम दुई महिनाभित्रमा सम्पन्न गरिसक्ने ।

—आफ्नो विभागसँग सम्बन्धित जनसरोकारका विषयमा पार्टी केन्द्रीय कार्यालयसँग समन्वय गरी तत्काल प्रतिक्रिया दिने ।

—सचिवालयको १० औं बैठकले केही विभाग विस्तार, केहीमा सदस्यहरूको हेरफेरसहित मनोनयन गरेको छ । बैठकले केही विभागहरूको सचिवको

चयनसमेत गरेको छ । केन्द्रीय सदस्य कमरेडहरूको जिम्मेवारी बाँटफाँटदेखि हालसम्म गरिएको विभागहरूको गठन, सचिवको चयन तथा सदस्यहरूको थप मनोनयसहितको विवरण निम्नानुसार छ ।

**क)** **अर्थ तथा योजना विभाग**

**प्रमुख** : घनश्याम भुसाल
**सचिव** : योगेन्द्रबहादुर शाही
**सदस्यहरू-**

| | |
|---|---|
| — प्रा.डा. रामचन्द्र आचार्य | रूपन्देही |
| — एम. अधिकारी | खोटाङ |
| — डा. रामचन्द्र भट्टराई | काठमाडौं |
| — ई. देउकाजी गुरूङ | कास्की |
| — केशरबहादुर साउद | अछाम |
| — डिल्ली उप्रेती | झापा |
| — प्रा. डा. महेश दाहाल | ललितपुर |
| — तिलचन्द्र भट्टराई | चितवन |
| — गोपाल खनाल | अर्घाखाची |

**ख)** **उद्योग, बाणिज्य तथा आपूर्ति विभाग**

**प्रमुख** : मोतीलाल दुगड
**उपप्रमुख** : दुर्गा प्रसाईँ
**सचिव** :

**सदस्यहरू-**

| | |
|---|---|
| — सुन्दर भुसाल | पर्वत |
| — मुकेश उपाध्याय | मोरङ |
| — रवीन्द्र पाण्डे | कास्की |
| — सीताराम अग्रवाल | बाँके |
| — ललित अग्रवाल | काठमाडौं |
| — पाल्देन छोपाङ गुरूङ | मनाङ |
| — किशोर प्रधान | मोरङ |
| — मदन अधिकारी | झापा |
| — विजयकुमार लोहिया | काठमाडौं |
| — मदनलाल अग्रवाल मित्तल | काठमाडौं |
| — शोभा गुरूङ | तनहुँ |
| — लता प्याकुरेल | मोरङ |
| — बाबुराम रानाभाट | |
| — पवन रेग्मी | काठमाडौं |

**ग) उपभोक्ता हित संरक्षण तथा सुशासन विभाग**

**प्रमुख** : यज्ञराज सुनुवार
**सचिव** : मोहिनी खनाल

**सदस्यहरू-**

| | |
|---|---|
| — कुमारी खरेल | काठमाडौं |
| — कुयाङछुयाङ दोर्जे लामा | दोलखा |
| — चित्तप्रसाद दाहाल | काठमाडौं |
| — ज्योती बानियाँ | चितवन |
| — तीर्थ सुवेदी | ओखलढुंगा |
| — देवबहादुर कुँवर | अछाम |
| — बद्री अर्याल | मोरङ |
| — बुद्धि रावत | उदयपुर |
| — विष्णुप्रसाद तिमिल्सिना | जुम्ला |
| — मुक्ति गौतम | संखुवासभा |
| — लक्ष्मण गिरी | कास्की |
| — सरोज यादव | महोत्तरी |
| — हरिप्रसाद मैनाली | झापा |
| — विमला खनाल | काठमाण्डौ |
| — केशव पोखरेल | दाङ |

**घ) ऊर्जा, जलस्रोत तथा सिँचाइ विभाग**

**प्रमुख** : गोकर्णराज विष्ट
**सचिव** : पुष्पज्योती ढुंगाना

**सदस्यहरू-**

| | |
|---|---|
| — सुरज लामिछाने | चितवन |
| — महेन्द्र गुरूङ | काठमाडौं |
| — नारायण ज्ञवाली | गुल्मी |
| — लक्ष्मण घिमिरे | ललितपुर |
| — अविशेक थापा | ईलाम |
| — केशव रायमाझी | मोरङ |
| — अमन मास्के | काठमाडौं |
| — केशवराज आचार्य | कास्की |
| — त्रिरत्न बज्राचार्य | ललितपुर |
| — भेषराज थापा | उदयपुर |
| — ईन्दिरा पराजुली | कास्की |

## ङ) कृषि तथा पशुपंक्षी विकास विभाग

**प्रमुख** : गिरीधारीलाल न्यौपाने
**उपप्रमुख** : बालिका गिरी
**सचिव** :

**सदस्यहरू-**

| | |
|---|---|
| — प्रा.डा. कल्याणी मिश्र | चितवन |
| — पदमराज शाक्य | काठमाडौं |
| — प्रेमनारायण अधिकारी | झापा |
| — कृष्ण अधिकारी | काठमाडौं |
| — माया केसी | कास्की |
| — सरिता भुसाल | अर्घाखाँची |
| — धर्मराज अधिकारी | कपिलवस्तु |
| — गोवर्द्धन गौली | लमजुङ |
| — बाबुराम थापा | तेह्रथुम |
| — जीवन्ती पौडेल | कैलाली |
| — ईश्वरी कडरिया | चितवन |
| — केशव प्रेमी | चितवन |
| — चुलुराम चौधरी | |
| — शशी पौडेल | रूपन्देही |
| — डा. गोकर्ण अर्याल | गुल्मी |
| — बखतबहादुर भण्डारी | दैलेख |
| — डा. सुनिता सन्ज्याल | कैलाली |

## च) कानून विभाग

**प्रमुख** : रमेश वडाल
**उपप्रमुख** : धर्मराज रेग्मी
**सचिव** : डिल्लीराम मैनाली

**सदस्यहरू-**

| | |
|---|---|
| —विष्णुमणी अधिकारी | काभ्रे |
| —टंक दुलाल | दोलखा |
| —ठाकुर डिसि | दाङ |
| —टिकाराम भट्टराई | झापा |
| —रमेशकुमार रोक्का | रामेछाप |
| —बिष्णुमाया भुसाल | अर्घाखाँची |
| —शान्तिराम खतिवडा | ओखलढुंगा |
| —केदार गुरागाई | नुवाकोट |

| | |
|---|---|
| —नारायण नेपाल | काठमाडौं |
| —रमा श्रेष्ठ | ललितपुर |
| —राजकिशोर यादब | धनुषा |
| —कौशिला राई | खोटाङ |
| —सरस्वती श्रेष्ठ | काठमाडौं |

**छ) केन्द्रीय पुस्तकालय तथा अभिलेख विभाग**

**प्रमुख** : ममता गिरी
**सचिव** :

**सदस्यहरू-**

| | |
|---|---|
| — रामचन्द्र बोहरा | लमजुङ |
| — ओमबहादुर खड्का | झापा |
| — सागराज सुवेदी | काठमाडौं |
| — गीता थापा | ललितपुर |
| — सुरज अधिकारी | काठमाडौं |

**ज) खानेपानी तथा सरसफाइ विभाग**

**प्रमुख** : झपटबहादुर रावल
**उपप्रमुख** : उषाकिरण तिम्सिना
**सचिव** :

**सदस्यहरू-**

| | |
|---|---|
| — ईन्द्रबहादुर तामाङ | काभ्रे |
| — गोकर्ण ढुंगाना | कैलाली |
| — नवराज काफ्ले | दोलखा/भक्तपुर |
| — दीपक अधिकारी | बाँके |
| — देवेन्द्र रावल | अछाम |
| — गोकुल पौडेल | धादिङ |
| — शालिकराम भण्डारी | सर्लाही |
| — शान्ता बस्याल | पाल्पा |
| — सन्तोष आचार्य | झापा |
| — राजनराज पाण्डे | काठमाडौं |
| — एल उपाध्याय | |

**झ) निर्वाचन विभाग**

**प्रमुख** : विष्णु रिमाल
**उपप्रमुख** : निरज आचार्य

**सचिव** : केदार कोइराला

**सदस्यहरू-**

| | |
|---|---|
| — चूडामणि आचार्य | प्रदेश १ |
| — गणेश प्रसाईँ | मधेस प्रदेश |
| — अनन्त पौडेल | बागमती प्रदेश |
| — जुनकुमारी गुरूङ | गण्डकी प्रदेश |
| — खुमाकान्त पौडेल | लुम्बिनी प्रदेश |
| — दीपेन्द्रबहादुर थापा | कर्णाली प्रदेश |
| — रणबहादुर चन्द | सुदूरपश्चिम प्रदेश |
| — डा योगेश गुरूङ | तथ्याङ्क विज्ञ |
| — रबीन्द्र पण्डित | सुरक्षा विज्ञ |
| — फर्सु खनाल | प्रबिधि विज्ञ |

ञ) **पर्यटन तथा नागरिक उड्डयन विभाग**

**प्रमुख** : भीमप्रसाद आचार्य
**उपप्रमुख** : भीम केसी
**सचिव** :

**सदस्यहरू-**

| | |
|---|---|
| — घनेन्द्र श्रेष्ठ | सिन्धुली |
| — कृष्णकुमार अर्याल | काठमाडौं |
| — राजेन्द्रप्रसाद सापकोटा | धादिङ |
| — रमेश कुँवर | अछाम |
| — बद्री अधिकारी | चितवन |
| — सुकुमाया लामा | ललितपुर |
| — लक्ष्मी कार्की | भक्तपुर |
| — पुर्णबहादुर कुँवर | पर्वत |
| — जया बराल | कास्की |
| — चेतनारायण पाण्डे | अर्घाखाँची |
| — कृष्ण चौधरी | बाँके |
| — सञ्जीव गौतम | गुल्मी |
| — लंकबहादुर शाही | डोल्पा |
| — सुमनप्रसाद पराजुली | ललितपुर |
| — परमानन्द भण्डारी | कञ्चनपुर |
| — बलिराम दाश | धनुषा |
| — टिका गुरूङ | संखुवासभा |
| — सिताराम सापकोटा, | खोटाङ/काठमाडौं |
| — विजय नेपाल | मोरङ/काठमाडौं |

| | | |
|---|---|---|
| — | डा. आलोक प्रसाईं | पाँचथर/काठमाडौं |
| — | गंगा आचार्य | भक्तपुर |
| — | सोनाम ग्याल्जेन शेर्पा | सोलु |
| — | नरेश भट्टराई | कास्की |
| — | सिर्जना शर्मा | सुनसरी |
| — | गोकुल लामिछाने | भक्तपुर |

## ट) परराष्ट्र मामिला विभाग

**प्रमुख** : डा. राजन भट्टराई
**उपप्रमुख** : कृष्ण केसी
**सचिव** : अञ्जान शाक्य

**सदस्यहरू-**

| | | |
|---|---|---|
| — | उदयराज पाण्डे | काठमाडौं |
| — | डा. नारद वाग्ले | झापा |
| — | गोपाल खनाल | झापा |
| — | डा. दिपेन्द्र श्रेष्ठ | काठमाडौं |
| — | डा. कुशेन्द्र महत | जुम्ला |
| — | मिलन धरेल | चितवन |
| — | बालकृष्ण कट्टेल | धनकुटा |
| — | मात्रिका पौडेल | सर्लाही |
| — | विष्णुहरी पाण्डे | रूपन्देही |
| — | डा. निर्मल वि.क. | कपिलवस्तु |
| — | उषाकिरण भण्डारी | काठमाडौं |
| — | ईच्छापूर्ण राई | धनकुटा |
| — | डा. करण ठगुन्ना | दार्चुला |
| — | डिमप्रकाश पौडेल | नवलपुर |
| — | डा. केशव सुवेदी | बाँके |
| — | गौरव भट्टराई | काठमाडौं |
| — | चित्र दाहाल | ओखलढुंगा |
| — | सुदीप सापकोटा | कास्की |
| — | हरिप्रकाश चन्द | सल्यान |
| — | एल. शर्मा | म्याग्दी |
| — | चन्द्रलाल गिरी | ओखलढुंगा |
| — | लक्की शेर्पा | काठमाडौं |

**ठ) प्रचार तथा प्रकाशन विभाग**

**प्रमुख** : पृथ्वीसुब्बा गरूङ
**उपप्रमुख** : विष्णु रिजाल
**सचिव** : गगन विष्ट

**सदस्यहरू-**

| | |
|---|---|
| — प्रमोद दाहाल | बारा |
| — गणेश बस्नेत | दोलखा |
| — निर्मला शर्मा | काठमाडौं |
| — उजिर मगर | बाग्लुङ |
| — चेतन अधिकारी | झापा |
| — रोशन खड्का | कञ्चनपुर |
| — महेश दास | पर्सा |
| — टिका विष्ट | सुर्खेत |

**ड) पार्टी स्कूल विभाग**

**प्रमुख** : प्रदीप ज्ञवाली
**उपप्रमुख** : ईश्वरी रिजाल
**सचिव** : पेम्वा लामा

**सदस्यहरू-**

| | |
|---|---|
| — घनश्याम कोइराला | नवलपुर |
| — पुरूषोत्तम न्यौपाने | चितवन |
| — टीका ढकाल | भक्तपुर |
| — रामशरण प्याकुरेल | नुवाकोट |
| — ईन्दिरा पन्त | काठमाडौं |
| — वाई.पी आचार्य | अर्घाखाँची |
| — तत्वप्रसाद तिम्सिना | झापा |
| — हिमबहादुर क्षेत्र | गुल्मी |

**ढ) भूमि व्यवस्था विभाग**

**प्रमुख** : मणिचन्द्र थापा
**सचिव** :

**सदस्यहरू-**

**ण) भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग**

**प्रमुख** : टोपबहादुर रायमाझी
**उपप्रमुख** : गीता कार्की
**सचिव** :

**सदस्यहरू-**

| | | |
|---|---|---|
| — | एसजी ज्ञवाली | पाल्पा |
| — | दीपेन शर्मा | इलाम |
| — | केपी शर्मा | चितवन |
| — | केपी सापकोटा | |
| — | खोपनिधी लोहनी | चितवन |
| — | दधी खरेल | रूपन्देही |
| — | कृष्ण भुसाल | अर्घाखाँची |
| — | डा. सिबी श्रेष्ठ | पर्वत |

**त) यूवा तथा खेलकूद विभाग**

**प्रमुख** : लीलबहादुर थापा मगर
**सचिव** :

**सदस्यहरू-**

| | | |
|---|---|---|
| — | कालीबहादुर घर्ती मगर | प्यूठान |
| — | मघेराज पौडेल | ललितपुर |
| — | प्रनिर अधिकारी | प्यूठान |
| — | गोबिन्द भट्टराई | चितवन |
| — | लक्ष्मणकुमार शर्मा | दाङ |
| — | पशुपति अधिकारी | काठमाडौं |
| — | सुवर्ण केसरी श्रेष्ठ | ललितपुर |
| — | कृष्णराज पौडेल (संजाल शर्मा) | बाग्लुङ |
| — | शुक्र पाख्रिन | काठमाडौं |
| — | योगेश भट्टराई | कास्की |
| — | मदन उप्रेती | झापा |
| — | तेजेन्द्र थापा | कैलाली |
| — | हरिमदन अधिकारी | दैलेख |
| — | कमल चौधरी | धनुषा |
| — | परशुराम बस्नेत | मोरङ |
| — | क्षितिज थेवे | ताप्लेजुङ |
| — | अमित लामा | काभ्रे |
| — | रमेश आचार्य | धादिङ |

| | | |
|---|---|---|
| — | ध्रुब आचार्य | रूपन्देही |
| — | सन्तोष रावल | म्याग्दी |
| — | अञ्जना अधिकारी | मोरङ |

**थ) राष्ट्रिय हित तथा सुरक्षा विभाग**

**प्रमुख** : परशुराम मेघी गुरूङ
**उपप्रमुख** : चुडादेव सिंह लामा
**सचिव** :

**सदस्यहरू-**

| | | |
|---|---|---|
| — | डा. जगत बस्नेत | सिन्धुपाल्चोक |
| — | डा. निलमशेखर अधिकारी | मोरङ |
| — | कोषराज गिरी | झापा |
| — | ज्ञानेन्द्रसिंह लामा | रामेछाप |
| — | तेसबहादुर तामाङ | नुवाकोट |
| — | पूर्णप्रसाद पाण्डे | काभ्रे |
| — | तुलसीराम कार्की | मोरङ |
| — | विनोद पाण्डे | काठमाडौँ |

**द) वन तथा वातावरण विभाग**

**प्रमुख** : विषमलाल अधिकारी दनुवार
**उपप्रमुख** : भारतीकुमारी पाठक
**सचिव** :

**सदस्यहरू-**

| | | |
|---|---|---|
| — | ठाकुर भण्डारी | गुल्मी |
| — | डा मणिराम बन्जाडे | कपिलवस्तु |
| — | शेभा सुवेदी | रूपन्देही |
| — | कपिल अधिकारी | बाँके |
| — | जोगराज गिरी | दाङ |
| — | डा. किरण पौडेल | पर्वत |
| — | शान्ता न्यौपाने | काभ्रे |
| — | राजदेव यादव | बारा |
| — | डा. रामप्रसाद बराल | कालिकोट |
| — | ध्रुव चौलागाई | मकवानपुर |
| — | बसन्त न्यौपाने | सिन्धुली |
| — | सीता खड्का | नवलपुर |
| — | डोलकुमारी सापकोटा | लमजुङ |

— अमृत देवकोटा कास्की
— कृष्णचन्द्र सुवेदी तनहूँ
— लक्ष्मी साउद कञ्चनपुर
— अर्जुन बुढाथोकी मोरङ

## ध) वित्त तथा कोष व्यवस्थापन विभाग

**प्रमुख** : विष्णु रिमाल
**सचिव** : डा. भीष्म अधिकारी

**सदस्यहरू-**

— विनाकुमारी श्रेष्ठ काठमाडौं
— राजेश बज्राचार्य काठमाडौं
— लोकबहादुर भण्डारी झापा

## न) विपद् व्यवस्थापन तथा स्वयम्सेवा विभाग

**प्रमुख** : रामेश्वर फुयाल
**सचिव** :

**सदस्यहरू-**

— अध्यक्ष, नेपाल ट्रेड यूनियन महासंघ (जिफण्ट)
— अध्यक्ष, अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन
— अध्यक्ष, राष्ट्रिय युवा संघ, नेपाल
— अध्यक्ष, नेपाल खेलकुद महासंघ
— अध्यक्ष, भूतपूर्व सैनिक तथा प्रहरी संगठन
— राजेन्द्रकुमार श्रेष्ठ खोटाङ
— डा. दीपक अर्याल काठमाडौं
— हस्त पण्डित सिन्धुपाल्चोक
— टिकाराम आचार्य
— उमेश ढुङ्गाना
— गोविन्द कोइराला
— पदमबहादुर तामाङ्ग
— विनोदचन्द्र देवकोटा
— दुर्गा थारू बाँके

## प) विज्ञान तथा प्रविधि विभाग

**प्रमुख** : टंकप्रसाद कार्की
**सचिव** :

**सदस्यहरू-**

| | |
|---|---|
| — ई. अस्गर अली | दाङ |
| — डा. एसपी पराजुली | चितवन |
| — ई संजिव रोकाहा | मोरङ |
| — प्रकास जिसी | प्यूठान |
| — रबीन्द्र ओभ्mा | खोटाङ |
| — नवराज कुँवर | रूपन्देही |
| — डा. किरण जोशी | ललितपुर |
| — डा. आनन्द सिंह | सप्तरी |
| — प्रा. पी मिश्र | सुनसरी |
| — एआर सिलवाल | चितवन |
| — डा. पी ज्ञवाली | काठमाडौं |
| — एकता पाण्डे | काठमाडौं |
| — खिम पन्थी | गुल्मी |
| — डिआर अधिकारी | चितवन |
| — कृष्ण अधिकारी | धादिङ |
| — डा. सुबर्ण पोखरेल | सुनसरी |
| — रोमकान्त पाण्डे | अर्घाखाँची |

**फ) शिक्षा तथा मानवस्रोत विभाग**

**प्रमुख** : गुरूप्रसाद बराल
**उपप्रमुख** : जगन्नाथ थपलिया
**सचिव** :

**सदस्यहरू-**

| | |
|---|---|
| — जि.एम. गुरूङ | स्याङ्जा |
| — वाई.पी. लामिछाने | भक्तपुर |
| — चैतन्य शर्मा | नवलपरासी |
| — रमेश सिलवाल | काठमाडौं |
| — पितकुमार श्रेष्ठ | मोरङ |
| — इन्दिरा श्रेष्ठ | ललितपुर |
| — कपिल सुवेदी | चितवन |
| — दिपेन्द्र भण्डारी | रोल्पा |
| — प्रा.डा. बेदराज केसी | बाँके |
| — प्रा.डा. ध्रुव गौतम | दाङ |
| — युवराज सिवाकोटी | झापा |

## ब) श्रम तथा रोजगार विभाग

**प्रमुख** : बिन्दा पाण्डे
**उपप्रमुख** : भगवती चौधरी
**सचिव** : जनक चौधरी

**सदस्यहरू-**

| | |
|---|---|
| — गुणराम आचार्य | काठमाडौं |
| — मिना गुरूङ | कास्की |
| — वेलीमैंया घले | काठमाडौं |
| — शोभा न्यौपाने | भोजपुर |
| — सुनिमाया चेपाङ | चितवन |
| — सरोज पोखरेल | सुनसरी |
| — नेत्र थनेत | नवलपुर |
| — डा. ऋषिकेश पन्थी | लमजुङ |
| — वलराम खत्री | काभ्रे |
| — तारानिधी पन्त (रमेश) | काभ्रे |

## भ) सङ्गठन विभाग

**प्रमुख** : खगराज अधिकारी
**सचिव** : संझना देवकोटा

**सदस्यहरू-**

| | |
|---|---|
| — देवराज घिमिरे | (प्रदेश १), |
| — ज्वालाकुमारी साह | (प्रदेश २), |
| — काशीनाथ अधिकारी | (बागमती प्रदेश), |
| — जगतबहादुर बिक सुनार | (गण्डकी प्रदेश), |
| — लीला गिरी | (लुम्बिनी प्रदेश), |
| — यामलाल कँडेल | (कर्णाली प्रदेश), |
| — कर्णबहादुर थापा | (सुदूरपश्चिम प्रदेश), |
| — भानुभक्त ढकाल | (जनसंगठन समन्वय) |

## म) संसदीय विभाग

**प्रमुख** : डा. शिवमाया तुम्वाहाङ्फे
**उपप्रमुख** : विशाल भट्टराई
**सचिव** : डा. सूर्य पाठक

**सदस्यहरू-**

| | |
|---|---|
| — खिमलाल भट्टराई | रूपन्देही |
| — पार्वती रावल | चितवन |
| — शान्ता चौधरी | दाङ |
| — नारायण मरासिनी | स्याङ्जा |
| — गणेशसिंह ठगुन्ना | दार्चुला |
| — सरिता न्यौपाने | काठमाडौं |
| — विमला विश्वकर्मा | बर्दिया |
| — भैरवसुन्दर श्रेष्ठ | जाजरकोट |
| — देवेन्द्र दाहाल | झापा |
| — राजबहादुर बुढाक्षेत्री | दैलेख |
| — कृष्णभक्त पोखरेल | चितवन |

**य) सङ्घीय मामला तथा सामान्य प्रशासन विभाग**

**प्रमुख** : किरण गुरूङ
**उपप्रमुख** : रवीन कोइराला
**सचिव** : शिव गुरूङ

**सदस्यहरू-**

| | |
|---|---|
| — झलक सुवेदी | कास्की |
| — अभिकेशर वली | झापा |
| — माधव बास्तोला | कास्की |
| — पी. बिडारी | काठमाडौं |
| — महेश खरेल | काठमाडौं |
| — नरकुमारी गुरूङ | कास्की |
| — पुण्य ढकाल | तेह्रथुम |
| — लेखनाथ कोइराला | रौतहट |
| — केदार देवकोटा | सिन्धुली |

**र) सामाजिक सेवा विभाग**

**प्रमुख** : पार्वत गुरूङ
**सचिव** : डा. नेत्र तिम्सिना

**सदस्यहरू-**

| | |
|---|---|
| — मीनबहादुर शाही, | कालिकोट |
| — रामप्रसाद सुवेदी | कास्की |
| — जीतराम लामा | काभ्रे |
| — अर्जुन भट्टराई | इलाम |

| | |
|---|---|
| — डा. पदमप्रसाद खतिवडा | पाँचथर |
| — विदुर सुवेदी | धनकुटा |
| — विधान आचार्य | तनहुँ |
| — डा. डम्बर चेम्जोङ्ग | धनकुटा |
| — डा. विमला राई पौडेल | ललितपुर |
| — सुरेश गौतम | दैलेख |
| — अशोक सिं | बझाङ |
| — सम्झना पौडेल | चितवन |
| — शिव थापा | दाङ |
| — डा. तीर्थ रेग्मी | रूपन्देही |

## ल) सामाजिक सुरक्षा तथा समाज कल्याण विभाग

**प्रमुख** : जुलीकुमारी महतो
**सचिव** :

**सदस्यहरू-**

| | |
|---|---|
| — तिलोतम पौडेल | नवलपरासी |
| — रितु भट्टराई | काठमाडौं |
| — अच्युतम अर्याल | जनकपुर |
| — पुस्कर खाती | दोलखा |
| — जगत बस्नेत | सिन्धुपाल्चोक |
| — यादव घतानी | दोलखा |
| — जगदीश अधिकारी | बारा |
| — निर्मला धिताल | झापा |
| — डम्बर हमाल | कञ्चनपुर |
| — चरिमाया तामाङ | सिन्धुपाल्चोक |
| — उज्जैन सिंह | जनकपुर |
| — राजेन्द्र बोहरा | लमजुङ |
| — सतिश शर्मा | दाङ |

## व) सहकारी तथा गरिबी निवारण विभाग

**प्रमुख** : कमल चौलागाई
**उपप्रमुख** : अमृता सुब्बा । निर्मलकुमार भट्टराई
**सचिव** :

**सदस्यहरू-**

| | |
|---|---|
| — रमेश पोखेल | मोरङ |
| — के.बी. उप्रेती | दोलखा |

| | |
|---|---|
| — डीबी बस्नेत | दोलखा |
| — परितोष पौडेल | तनहुँ |
| — खेमबहादुर पाठक | धादिङ |
| — टेकप्रसाद चौलागाई | बारा |
| — भीम तुलाचन | रूपन्देही |
| — भुवनविक्रम घिमिरे | रामेछाप |
| — रामचन्द्र उप्रेती | झापा |
| — महेन्द्र गिरी | झापा |
| — मिना ढकाल | झापा |
| — शान्ती अधिकारी | चितवन |
| — सरिता भट्टराई | भक्तपुर |
| — देवराज पराजुली | काभ्रे |
| — विश्वनाथ मण्डल | सप्तरी |
| — शम्भु गुप्ता | पर्सा |
| — केशव पोखेल | मोरङ |
| — डा. खगराज शर्मा | रूपन्देही |
| — हरिहरनाथ योगी | सुर्खेत |
| — रामबहादुर जिसी | बागलुङ |
| — खेम सुवेदी | काठमाडौं |
| — रामशरण शर्मा | ललितपुर |
| — जिवछराज खड्का | दोलखा |
| — ज्ञानबहादुर तामाङ | काभ्रे |

**श) सहरी विकास विभाग**

**प्रमुख** : केशव स्थापित
**उपप्रमुख** : निर्मला देवकोटा
**सचिव** :

**सदस्यहरू-**

**ष) साहित्य, कला तथा संस्कृति विभाग**

**प्रमुख : रघुजी पन्त**
**सचिव** : राजेश थापा मोरङ

**सदस्यहरू-**

| | |
|---|---|
| — वासुदेव अधिकारी | काठमाडौं |
| — महादेव अवस्थी | बैतडी |
| — केशव सुवेदी | दाङ |
| — रमेश श्रेष्ठ | कास्की |

| | |
|---|---|
| — राम विनय | काठमाडौं |
| — एस. राजभण्डारी (महिला, चित्रकार) | काठमाडौं |
| — शुभ मानन्धर | काठमाडौं |
| — गायत्री विष्ट | काठमाडौं |
| — विवस वस्ती | सिन्धुली |
| — प्रेमनाथ अधिकारी | तेह्रथुम |
| — रामकृष्ण दुवाल | काठमाडौं |
| — चेतनारायण राई | भोजपुर |
| — सुशीला प्रधानाङ्ग | काठमाडौं |
| — लक्ष्मी गुरूङ्ग | सिन्धुली |
| — रेशम विरही | चितवन |
| — शार्दूल भट्टराई | काठमाडौं |

**स) स्थानीय विकास विभाग**

**प्रमुख** : : देवेन्द्र दहाल
**उपप्रमुख** : प्रभा बराल

**सचिव** : हर्कराज राई

**सदस्यहरू-**

| | |
|---|---|
| — होमनारायण श्रेष्ठ | सिन्धुपाल्चोक |
| — अशोक व्याञ्जु | काभ्रे |
| — नवराज गेलाल | भक्तपुर |
| — प्रेम गिरी | झापा |
| — हरी उप्रेती | सर्लाही |
| — कृष्णबहादुर डल्लाकोटी | चितवन |
| — शिवसुन्दर राजभण्डारी | काठमाडौं |
| — वासुदेव घिमिरे | रूपन्देही |
| — विकिरण गौतम | दाङ |
| — खगेन्द्र कार्की | हुम्ला |
| — कृष्णप्रसाद जैशी | अछाम |
| — पार्वता तिवारीलाई | नवलपुर |
| — सुनिता डंगोल | काठमाडौं |

**ह) स्वास्थ्य तथा जनसङ्ख्या विभाग**

**प्रमुख** : : योगेश भट्टराई
**उपप्रमुख** :

**सचिव** :

**सदस्यहरू-**

| | | |
|---|---|---|
| — | डा. केदार पराजुली | मोरङ |
| — | हरि जेरेल | दोलखा |
| — | कपिल पोखरेल | कास्की |
| — | प्रमेश गिरी | झापा |
| — | डा. कृष्ण अधिकारी | मोरङ |
| — | महेन्द्र श्रेष्ठ | प्यूठान |
| — | राम ब चन्द | जाजरकोट |
| — | डा. झलक गौतम | पर्वत |
| — | डा. खेम कार्की | ईलाम |
| — | डा. जागेश्वर गौतम | काठमाडौं |
| — | रत्न ब थापा | ओखलढुंगा |
| — | डा. एस. तिवारी | सुर्खेत |
| — | प्रमिला देवान | ईलाम |
| — | डा. अनिल भट्टराई | पर्वत |
| — | पाशाङदोर्जी शेर्पा | भोजपुर |
| — | डा. गणेश गुरूङ | ओखलढुंगा |
| — | तारा पोखरेल | ललितपुर |
| — | अर्जुन श्रेष्ठ | पर्वत |
| — | डा. निलम चौधरी | महोत्तरी |
| — | डा. कैलाश भण्डारी | मोरङ |
| — | सुनिल श्रेष्ठ | रूपन्देही |
| — | डा. केपी अधिकारी | सुनसरी |
| — | काशीनाथ रिमाल | संखुवासभा |
| — | चन्द्र थापा | प्यूठान |
| — | डा. पुष्करराज भट्टराई | कञ्चनपुर |

**१०. केन्द्रीय सल्लाहकार परिषद्मा सदस्य मनोनयन**

केन्द्रीय सल्लाहकार परिषद्मा मनोनयन गरिनु भएका कमरेडहरूको नामावली सहित **केन्द्रीय सल्लाहकार परिषद्**को सूचि अलग्गै पठाइएको छ ।

**११. सम्पर्क समन्वय कमिटीमा सदस्यहरु मनोनयन**

सम्पर्क समन्वय कमिटीको प्रस्तावमा देहायका कमरेडहरूलाई मनोनयन गरिएको छ :

| | | |
|---|---|---|
| — | केशवराज गजुरेल | झापा |
| — | मोहिनी खनाल | झापा |
| — | जानुका शिवाकोटी | झापा |

| | |
|---|---|
| — विष्णुप्रसाद दाहाल | मोरङ्ग |
| — देउमान विष्ट | ताप्लेजुङ |
| — चैतन्य सुब्बा | ताप्लेजुङ |
| — गुरूप्रसाद खतिवडा | तेह्रथुम |
| — सुन्दर सुवेदी | पाँचथर |
| — डम्बर रेग्मी | सुनसरी |
| — सुरेन्द्र बोगटी | ओखलढुङ्गा |
| — रञ्जना घिमिरे | ओखलढुङ्गा |
| — बबिता दास कर्ण | सिराहा |
| — किरण कार्की | धनुषा |
| — राजेन्द्रप्रसाद चौधरी | सप्तरी |
| — युवराज बोहोरा | बारा |
| — ठाकुर बास्कोटा | काभ्रे |
| — सरोज गजुरेल | सिन्धुपाल्चोक |
| — रामप्रसाद रिमाल | दोलखा |
| — राम पाण्डे | दोलखा |
| — पुस्कर खाती | दोलखा |
| — मोहन के.सी. | रामेछाप |
| — लक्ष्मी न्यौपाने | रामेछाप |
| — ध्रुव श्रेष्ठ | सिन्धुली |
| — उदय सुनुवार | सिन्धुली |
| — शिशिर अर्याल | नुवाकोट |
| — हेरम्बराज कँडेल | धादिङ |
| — सिताराम दाहाल | मकवानपुर |
| — रामचन्द्र भण्डारी | पाल्पा |
| — रामहरी शाही | पाल्पा |
| — विष्णु आचार्य | अर्घाखाँची |
| — गोपाल खनाल | अर्घखाँची |
| — टिकाराम साप्कोटा | गुल्मी |
| — शुशिल भट्टराई | गुल्मी |
| — तारानाथ ढकाल | रूपन्देही |
| — कनैयालाल चौघरी | कपिलवस्तु |
| — राजुराम धिकारी | कास्की |
| — दिलबहादुर थापा मगर | तनहुँ |
| — निर्मल अधिकारी | गोर्खा |
| — चेतनारायण पौडेल | बाग्लुङ |
| — खिमानन्द सिग्देल | स्याङजा |
| — शुशील वि.क. | स्याङजा |

| | |
|---|---|
| — माधव पौडेल | नवलपुर |
| — नारायण आचार्य | कास्की |
| — डम्बर कार्की | दैलेख |
| — राजेन्द्रबाबु चन्द | सल्यान |
| — पुजा बस्नेत | जाजरकोट |
| — चित्र हमाल | कालिकोट |
| — द्वारिका भट्टराई (अनुप) | अछाम |
| — ईशु भट्ट | कन्चनपुर |
| — भैरब बोहोरा | अछाम |
| — पूर्णिमा गिरी | बाजुरा |

प्रिय कमरेडहरू,

केन्द्रीय सचिवालयले गरेका माथि उल्लेखित निर्णयहरूको कार्यान्वयनले हाम्रो पार्टीलाई नयाँ ढङ्गले गतिशील बनाउँदै आगामी अभिभारा पूरा गर्न पूर्णरूपले तम्तयार अवस्थामा राख्नेछ । तसर्थ निर्णयहरूको पूर्ण र प्रभावकारी कार्यान्वयनका लागि निर्देशित गर्दछु ।

**केपी शर्मा ओली**
**अध्यक्ष**